हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि सम्बन्धि बोलपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।०७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस हिमाली गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३।८४ मा तोकेको अवधिका लागि यस पालिका क्षेत्रमा रहेको कर्णाली नदीको झुगला, खिउने खोला, पुरानो झुगला, बाधु बगर र चुलिगाड क्षेत्रबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस पालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२।८३ को करचुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानूनी रुपमा योग्य रहेको घोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कुल कबोल ठेक्का अंकको ५% ले हुन आउने धरौटी रकम यस गाउँपालिकाको सानिमा बैंक हिमाली शाखामा रहेको धरौटी खाता न. ०७४०१००२००००००९ मा जम्मा गरि सोको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक बाट जारि गरिएको बिडबन्ड र बोलपत्र दस्तुर यस गाउँपालिकाको सानिमा बैंक हिमाली शाखामा रहेको आन्तरिक राजश्व खाता न. ०७४०१००४००००००७ मा जम्मा गरि सोको सक्कल भौचर बोलपत्र साथ राखी सिलबन्दी बोलपत्र (Hardcopy Bidding) प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ।साथै शर्त वा बन्देज सम्बन्धि विस्कृत विवरण यस कार्यालयको वेबसाइट www.himalimun.gov.np मा बोलपत्र फारम र BOQ संलग्न रहेको छ।

तपशिल :

क्र.सं.	आन्तरिक आय ठेक्का नं.	ठेक्काको नाम	उत्खनन परिमाण (घन फिट)	न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) रु.	धरौटी रकम रु.	बोलपत्र दस्तुर (रु.)
1.	HRM/NCB/R/01/2083/084	नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि कार्य हिमाली गाउँपालिका, बाजुरा	१७,४३,१६०।४३	रु. ६९,७२,६४१।७२	कुल कबोल अंकको ५% ले हुन आउने धरौटी रकम १२० दिन	३०००।००

क) बोलपत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद गर्नको लागि व्यबसायी/फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि, २०८२/८३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा न. र मु.अ. कर प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालय समयमा सुचनाको म्याद भित्र बोलपत्र फारम खरिद गर्न सकिने छ ।

ख) बोलपत्र खरिद हुने अन्तिम मिति र समय : २०८३/०६/२७ गते कार्यालय समय भित्र ।

ग) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय : २०८३/०६/२८ गते दिउसो १२:०० बजे भित्र ।

घ) बोलपत्र खोलिने समय र स्थान : २०८३/०६/२८ गते दिउसो २:०० बजे हिमाली गाउँपालिको कार्यालय, धुलाचौर ।

ङ) प्रचलित ऐन, नियम, कानुन, सम्झौता, र सुचनाको शर्त बिपरित कार्य गरेको जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ । त्यसवाट कार्यालयलाई हानि नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाकि सरह असुल उपर गरिने छ ।

कुल बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत